नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

(..............................अनुमतिपत्र महाशाखा..............................)

फोन नं. ४४११०७४, ४४११५३७
४४११७६८, ४४१९५०१
४४४५७७५, ४४३४११९
४४३९३६२
फ्याक्स ४४४३९०३
पोष्ट बक्स नं. २५०७
सानोगौचरण
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७६/७७
चलानी नं. : १२६१

मितिः २०७७/०१/३१

**विषयः-** <u>रारा मुगु कर्णाली जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।</u>

श्री रारा कर्णाली हाइड्रोपावर प्रा.लि.,
काठमाडौं महानगरपालिका, वडा नं. २, लाजिम्पाट ।
काठमाडौं, नेपाल ।
फोन न. ०१-४४३८३८२, ९८५१०२९८१३(राम प्रसाद खनाल) ।

प्रस्तुत विषयमा तहाँबाट रारा मुगु कर्णाली जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको माग गरि पेश भएको दरखास्त माथि कारबाही हुने क्रममा हुँदा तपशिल बमोजिमका नपुग कागजात/प्रतिवेदनहरु सात (७) दिनको समयावधि भित्र पेश गर्नुहुन तथा सो अवधिमा विवरण पेश नगरेमा दरखास्त रद्द हुने मिति २०७६/१२/१० गतेको विभागीय निर्णयानुसार जानकारी गराइन्छ ।

<u>तपशिल (माग गरिएका नपुग प्रतिवेदनहरू/कारणहरू):</u>

१. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ को दफा ११ मा नदी बेसिन गुरुयोजनाले पहिचान गरेका आयोजनाहरुलाई प्रभाव पार्ने देखिएमा दरखास्त उपर कारवाही नहुने भनि उल्लेख भएकोले तथा प्रस्तावित रारा मुगु कर्णाली ज.वि.आ. ले माथिल्लो कर्णाली तथा महाकाली नदी बेसिन गुरुयोजना अन्तर्गतको MKR 2 जलविद्युत आयोजनालाई प्रतिकूल असर पार्ने देखिएकाले गुरुयोजनालाई प्रतिकूल असर नपार्ने गरी विकास गर्ने अवधारणा सहितको desk study report ।

२. प्रस्तावित आयोजनाको जडित क्षमता २५ मेगावाट भन्दा माथि आउने देखिंदा सो बमोजिमको स्पष्ट हाइड्रोलोजिकल अध्ययन सहितको desk study report तथा विद्युत नियमावली २०५० को नियम २४ अनुसारको थप अनुमतिपत्र दस्तुर ।

३. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ को दफा ८ बमोजिम हुने गरि प्रवर्द्धकको आर्थिक क्षमता वा हैसियत पुष्टी हुने प्रमाणित कागजातहरुको विवरण (चार्टर्ड एकाउन्टेन्टबाट जारी गरिएको सक्कल वा प्रमाणित नेटवर्थ प्रमाणपत्र) तथा चार्टर्ड एकाउन्टेन्टको संस्था दर्ता प्रमाणपत्र एवम् नविकरण भएको निस्साको प्रमाणित प्रतिलिपि ।

४. आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ को दफा ९ बमोजिम हुने गरि प्रवर्द्धकको प्राविधिक क्षमता वा हैसियत पुष्टी हुने प्रमाणित कागजात ।

५. नापी विभागबाट प्रकाशित सक्कल टोपो नक्सामा रेखांकन गरिएको आयोजनाको जलाधार क्षेत्र ।

६. अख्तियारवालाको स्पष्ट ठेगाना, सम्पर्क टेलिफोन नम्बर, मोवाइल नम्बर, फयाक्स नम्बर, इमेल तथा नागरिकता प्रमाणपत्रको फोटोकपी प्रति ।

७. प्रवर्द्धक श्री रारा कर्णाली हाईड्रोपावर प्रा.लि. र परामर्शदाता श्री धौलागिरी इनर्जी कन्सल्ट प्रा.लि. बीच रारा मुगु कर्णाली जलविद्युत आयोजनाको अध्ययनका लागि गरिएको समझदारीपत्रको प्रमाणित प्रति ।

८. परामर्शदाता श्री धौलागिरी इनर्जी कन्सल्ट प्रा.लि.को कम्पनी अद्यावधिक तथा करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रति ।

RNepal
..................
रवि नेपाल
इन्जिनियर